अनुसूची-२
(दफा ४ सँग सम्बन्धित)

# देउमाई नगरपालिकाको एम्बुलेन्स सेवा संचालन मापदण्ड, २०८०

देउमाई नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

मंगलबारे, इलाम, कोशी प्रदेश नेपाल

**देउमाई नगरपालिकाको एम्बुलेन्स सेवा संचालन मापदण्ड, २०८०**

**स्वीकृत मिति – २०८०/०८/०८**

**प्रस्तावनाः** देउमाई नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी देउमाई नगरकार्यपालिकाले एम्बुलेन्स सेवा संचालन मापदण्ड २०८० जारी गरेको छ।

देउमाई नगरपालिका क्षेत्रभित्र तत्काल स्वास्थ्य उपचार चाहिने बिरामी तथा प्रेषण भई अन्यत्र सेवा लिन जानु पर्ने सेवाग्राहीहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले देउमाई नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड ,२०८० को दफा ६ को खण्ड ले दिईएको अधिकार प्रयोग गरीप्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समितिले यो मापदण्ड बनाइ लागू गरेको छ।

परिच्छेदः एक

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क)यो मापदण्डको नाम **"देउमाई नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०"** रहेको छ।

(ख)यो मापदण्ड देउमाई नगरपालिका कार्यपालिका समितिबाट पारित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसङ्ग ले अर्को अर्थ नलागेमा यस मापदण्डमाः–

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्विकृती प्राप्त गरेको वाहन सम्झनुपर्दछ र यो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचालिकालाई समेत जनाउदछ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(घ) "प्राथमिक स्वास्थ्य केन्द्र " भन्नाले देउमाई नगरपालिका अन्तरगतको प्राथमिक स्वास्थ्य केन्द्र मंगलबारे सम्झनु पर्छ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे बापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ।

(ज) "प्रयोगकर्ता" भन्नाले एम्बुलेन्समा सवार बिरामी वा सेवाग्राहीलाई सम्झनु पर्छ।

**३. एम्बुलेन्स सेवा संचालनका, व्यवस्थापन तथा अनुगमन सम्बन्धि व्यवस्थाः**

(१) एम्बुलेन्स सेवा निर्देशन तथा व्यवस्थापन समितिको संरक्षक नगर प्रमुख रहने छ।

(२) एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको **एम्बुलेन्स सेवा निर्देशन तथा व्यवस्थापन समिति** रहनेछ।

| | |
|---|---|
| (क)प्रमुख प्रशासकीय अधिकृत | – संयोजक |
| (ख) लेखा शाखा प्रमुख/प्रतिनिधि | - सदस्य |
| (ग) स्वास्थ्य शाखा प्रमुख | – सदस्य |
| (घ) प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख | – सदस्य |
| (ङ) राजश्व शाखा प्रमुख /प्रतिनिधि | – सदस्य |

देउमाई नगरपालिका इलाम २०७३
प्रमुख प्रशासकीय अधिकृत

(च) प्रशासन शाखा प्रमुख /तोकेको कर्मचारी – सदस्य सचिब

(३) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र मापदण्ड समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस मापदण्ड अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने साथै पटक पटक आचारसंहिता पालना नगरेमा सेवाबाट अवकाश दिन सकिनेछ ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) सरोकारवाला तथा अन्य सङ्घहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

(ङ) अस्पतालको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(च) चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई एम्बुलेन्स-कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(छ) चालकको सेवा सुविधा र शर्तको विषयमा आवश्यक निर्णय गर्ने ।

(२) समितिको सदस्य–सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक महिनाको पहिलो हप्तामा समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

**५. सेवा र शुल्क सम्बन्धी व्यवस्था**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले तोकिएको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ । एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची (३) मा उल्लेख गरे बमोजिमको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम देउमाई नगरपालिकाको संचित खातामा जम्मा गर्नुपर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि समितिले नगदी रसिद उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता, लगबुकको आधारमा राखिने छ ।

(४) सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ र जम्मा गरेको सक्कल भौचर सदस्य सचिबलाई बुझाउने पर्नेछ ।

(५) जम्मा भएको रकमबाट समितिको बैठकले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिद तथा व्यवस्थापनमा खर्च गरिनेछ ।

(६) एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरि सवारी लगबुक राख्नुपर्ने छ । लगबुक भर्ने जिम्बेवारी एम्बुलेन्स चालक को हुनेछ । जाचबुझ गर्ने जिम्बेवारी लेखा शाखा प्रमुख (समिति सदस्य)को रहनेछ भने सो को प्रमाणित गर्ने जिम्बेवारी प्रमुख प्रशासकीय अधिकृत (समिति सयोजक) को हुनेछ ।

### ६. चालकको नियुक्ती र सेवा सुविधा

(१) एम्बुलेन्स सेवा संचालनका लागि योग्यता पुगेको चालक सेवा करारमा छनोट गरि नियुक्ति गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ र चालकलाई यसै कार्यविधि बमोजिमको समितिबाट सिफारिस भै देउमाई नगरपालिका बाट तलब भत्ता व्यहोरीने छ ।

(३) चालकलाई अतिरिक्त भत्ता स्वरूप मासिक आम्दानीको १२ % रकम दिइनेछ

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (१) बमोजिम हुनेछ ।

(५) चालकले आम्दानी भएको ७ दिनमा अनिबार्य रुपमा नगरपालिकाको संचित खातामा रकम जम्मा गर्नु पर्नेछ यदी खातामा जम्मा नगरेमा निजको तलब भत्ताबाट कट्टी गरि भुक्तानी गरिनेछ ।

(६) चालकको रु ३ लाख सम्मको दुर्घटना बिमा गरिनेछ ।

**७. छुट सम्बन्धि व्यवस्था :** जटिल सुत्केरी अवस्था भइ प्राथमिक स्वास्थ्य केन्द्र मंगलबारेमा सुत्केरी हुन नसकेमा सो केन्द्रको सिफारीसमा गर्भवती महिलालाई सुत्केरी सेवाको लागि इलाम अस्पताल लग्दा एक्कोहोरो एम्बुलेन्स भाडा निशुल्क गरिने छ ।

### ८. एम्बुलेन्स सन्चालन बिधि

(१) एम्बुलेन्सको नियमित मर्मत सम्भार तथा चालकको तलब भत्ताको व्यबस्था गरि एम्बुलेन्सँको नियमित सन्चालनलाई सुनिश्चित देउमाई नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम रहेको देउमाई नगरपालिकाको खातामा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) सेवा उपभोग गर्ने व्यक्ति वा संघसंस्थाबाट प्राप्त सेवा शुल्क बापतको रकम,

(ख) भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा बापत प्राप्त रकम,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट एम्बुलेन्स सन्चालनका लागि प्राप्त रकम,

(घ) अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम आदि ।

### ९. कोषको सन्चालन र उपयोग:

(१) देउमाई नगरपालिका इलामको खाताबाट मात्र कारोबार गरिनेछ । साथै सो खाता प्रचलित कानून वमोजिम सञ्चालन हुनेछ ।

(२) कोषको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा वमोजिम हुनेछ ।

(३) कोषको आर्थिक कारोबारको उत्तरदायित्व,जिम्मेवारी र जवाफदेहीता आर्थिक कारोबारको निर्णयकर्ता सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(४) कोषको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधी, लेखाको अभिलेखको सिद्धान्त,आर्थिक विवरण तयारी,सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन,आयव्यय तथा सम्पत्तिको विवरण तयारी,आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख,बेरुजु फछ्र्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधी सम्बन्धी कानून वमोजिम हुनेछ ।

(५) एम्बुलेन्सको नियमित मर्मत संभार,मालसामान,परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन,२०६३, र देउमाई नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७५ वमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

देउमाई नगरपालिका इलाम २०७३

**१०.लेखा र लेखा परिक्षण:**

(१) आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन ऐन तथा नियमावली अनुरुप राखिनेछ ।

(२) आम्दानी र खर्च हिसाब महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखा परीक्षकबाट सालवसाली रुपमा लेखा परीक्षण गराईनेछ ।

**११.विबादको समाधान:**

(१) एम्बुलेन्स सन्चालन गरि सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विबाद उत्पन्न भएमा एम्बुलेन्स सन्चालक समितिले सम्बन्धित पक्षहरुसंग छलफल गरि समाधान गर्नेछ ।

(२) एम्बुलेन्स सन्चालक समितिले समाधान गर्न नसकेको विबादहरु नगर कार्यपालिकाबाट निर्णय गरी समाधान गरिनेछ ।

**१२.एम्बुलेन्स भाडा सम्बन्धि :**

जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिले निर्धारण गरेको (अनुसुची ३अनुसार) भाडा हुनेछ तर स्थानीय भाडा **एम्बुलेन्स सेवा निर्देशन तथा व्यवस्थापन समिति**ले निर्धारण गरे बमोजिम तोकिनेछ ।

**१३. बिबिध :**

(१) एम्बुलेन्स रहने स्थान: प्राथमिक स्वास्थ्य केन्द्र मंगलबारे इलामको हातामा सुरक्षित साथ राखिनेछ ।

(२) एम्बुलेन्सको सञ्चालनको दैनिक विवरण म.ले.प.फा.नं. ९०५ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(३) एम्बुलेन्सको नियमित मर्मत संभार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रु ३०००।- सम्मको लागत अनुमान अनुसारको मर्मत कार्य समिति संयोजक लाई जानकारी गराई चालक स्वयमले गर्न सक्नेछ र सो भन्दा बढी लागत अनुमान भएको मर्मत दफा ३ बमोजिमको समितिले निर्णय गरे बमोजिम हुनेछ । एम्बुलेन्सको मर्मत सम्भारको अभिलेख म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा राख्नुपर्ने छ ।

(४) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची(२) बमोजिम हुनेछ ।

(५) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्तको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(६) यस मापदण्डमा आवश्यकता अनुसार समितिले संशोधन र हेरफेर गर्न सक्नेछ ।

**अनुसुची – १**

**(मापदण्डको दफा ६ को उपदफा (४) संग सम्बन्धित)**

**एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता**

(१) एम्बुलेन्स सञ्चालन मापदण्ड, २०८० लाई पूर्णतः पालना गर्नुपर्ने,

(२) आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारीता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

(३) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

(४) बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

(५) आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

(६) आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

(७) कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका वारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

(८) बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,

(९) आफ्नो कामको सिलसिलामा पाएको कुनै सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना वारेमा जानकारी दिन सक्ने,

(१०) अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुर्याउनु पर्ने,

(११) आफुले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

(१२) नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयं सजायको भागेदारी हुनेछ ।

म...................... ठेगाना ......................क.................. ना.प्र.प. नं. ............. जारी मिति ......................... जिल्ला, ड्राइभिङ लाइसेन्स नं. .......................... जारी मिति ............................................ ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । देउमाइ न पा को एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको: रोहवरमा प्रमाणित गर्ने व्यक्तिको:

दस्तखत:दस्तखत:

नाम: नाम:

मिति: पद:

मिति:

कार्यालयको छाप:

**अनुसूची- २**
**(मापदण्डको दफा ११ को उपदफा (४) संग सम्बन्धित)**

**"ख" वर्गको (common life support) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण**

क. First Aids समानहरु
ख. Oxygen Cylinder,Follow Meter/Mask
ग. IV injection
घ. Stretcher Cum Board
ङ. Stethoscope,BP Apparatus
च. Torchlight
छ. Intubation set
ज. Ambu Bag
झ. Nebilizer set
ञ. Manual Suction Set
ट. ECG and O2 monitor
ठ. Dressing set
ड. Washing Equipment
ढ. Walkie Talk
ण. GPS
त. Camara

## अनुसूची-३

### कार्यविधिको दफा ५ (१) र दफा १२ सग सम्बन्धित सेवा शुल्क सम्बन्धि दररेट

| क्र स | देखि | सम्म | दररेट (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | देउमाई नगरपालिका | देउमाई नगरपालिका | १००० | ५ कि.मि.सम्म |
| २ | देउमाई नगरपालिका | देउमाई नगरपालिका | १५०० | ५ कि.मि.देखि १० कि मि सम्म |
| ३ | देउमाई नगरपालिका | देउमाई नगरपालिका | २००० | १० कि मि भन्दा माथि |
| ४ | देउमाई नगरपालिका | इलाम अस्पताल | ४५०० | |
| ५ | देउमाई नगरपालिका | बिर्तामोड/भद्रपुर | ८००० | |
| ६ | देउमाई नगरपालिका | दमक | ९००० | |
| ७ | देउमाई नगरपालिका | बिराटनगर | १०,५०० | |
| ८ | देउमाई नगरपालिका | धरान | १०,५०० | |
| ९ | देउमाई नगरपालिका | चितवन | १८,००० | |
| १० | देउमाई नगरपालिका | काठमाडौं | २०,००० | |
| ११ | देउमाई नगरपालिका | राके | ४५०० | |
| १२ | देउमाई नगरपालिका | रबि | ५५०० | |
| १३ | देउमाई नगरपालिका | नेपालटार | २५०० | |

- ✓ दुरीको हकमा गन्तब्य स्थान नै मान्य हुनेछ ।
- ✓ बाटोमा लाग्ने करहरु प्रयोगकर्ताले नै बेहोर्नु पर्नेछ ।
- ✓ एम्बुलेन्सको भाडा दर समितिले परिमार्जन गर्न सक्नेछ साथै अन्य भाडादर जिल्ला एम्बुलेन्स समितिले तोके बमोजिम हुनेछ ।

नमुना एम्बुलेन्स सेवा शुल्क रसिद

देउमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलवारे, इलाम

सम्पर्क नं. ०२७५४०२२६३
९८०१४८०३३३
प्यान नं. ६०१२४७७०२

## एम्बुलेन्स सेवा शुल्क रसिद

र.नं. 13 मितिः-................

श्री............................................................बाट..........................

देखि............................ सम्म विरामी पुऱ्याए बापत एम्बुलेन्स सेवा शुल्क रु. ..............

अक्षरेपी रु ........................................................ स-धन्यवाद प्राप्त भयो ।

विरामीको नाम, थरः-.........................................

ठेगानाः-.........................................

विरामीको फोन नं.:-.........................................

रु.

........................ रकम बुझाउनेको सही

........................ रकम बुझिलिनेको सही

देउमाई नगरपालिका इलाम २०७३

आज्ञाले
हरि बहादुर दहाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत